## ○ राष्ट्रिय स्वास्थ्य बीमा प्रणाली के हो?

### १. राष्ट्रिय स्वास्थ्य बीमा प्रणाली

सबैले पैसा हालेर, एक अर्कालाइ मद्दत (आपसी सहयोग र आपसी सहायताको भावना) गर्ने हेतुले हामि बस्ने नगरपालिका राष्ट्रिय स्वास्थ्य बीमा (राष्ट्रिय  बीमा)) भनेको हामी सदस्य (बीमित व्यक्ति) हरूसँगै पैसा सन्कलन गरेर एकआपसमा सहयोग गर्ने ((आपसी सहयोग र सहायता)  को उद्येश्य हो। यो हामि बसोबास गर्ने नगर र राष्ट्रिय स्वास्थ्य बीमा संघ (बीमा दाता) द्वारा सञ्चालन गरिन्छ, र यसले क्षेत्रीय स्वास्थ्य सेवाको सुनिश्चितता र बासिन्दाको स्वास्थ्यको सुरक्षा गर्नमा ठूलो योगदान पुर्याउँछ।




यसबाहेक, यसले राष्ट्रिय स्वास्थ्य बीमा प्रणालीको केन्द्रको रूपमा महत्वपूर्ण भूमिका निभाउँछ। राष्ट्रिय स्वास्थ्य बीमा प्रणाली भनेको रोग वा लागेको बेलामा प्रयोग गर्ने प्रणाली हो, जसमा सम्पूर्ण आबद्द हुनु पर्छ (राष्ट्रिय स्वास्थ्य बीमा प्रणाली) र यो चिकित्सा बीमा प्रणालीको एक भाग हो।

### २. राष्ट्रिय स्वास्थ्य बीमा सदस्य

○ स्वरोजगार व्यक्ति
○ कृषि/माछापालनमा आबद्ध कामदारहरू
○ सेवानिवृत्ति आदिका कारण आफ्नो कार्यालएको स्वास्थ्य बीमाबाट बन्चित भएका व्यक्तिहरू र तिनीहरूका परिवारहरू
○ कार्यालएको  स्वास्थ्य बीमा गर्न नपाउने आंशिक समय मात्र कामगर्ने कामदारहरू
○ व्यक्तिहरू जसले विदेशीको रूपमा दर्ता गरेका छन् र जसको बसोबास ३ महिना भन्दा बढि छ (निम्न बाहेक)
・बिशेष गतिविधि अथवा मेडिकल स्टे भिसा हुनेहरु
・१८ वर्ष भन्दा माथिको व्यक्ति जसको  भिसा एक वर्ष भन्दा कम बस्ने अवधि भएको वा भ्रमण, मनोरञ्जन, वा यस्तै गतिविधिहरूमा संलग्न हुनेहरु र उनका  परिवारका सदस्यहरु

*कार्यालएको  स्वास्थ्य बीमामा भर्ना भएका र सार्वजनिक सहायता प्राप्त गर्नेहरू बाहेक सबैजनाले एस राष्ट्रिय स्वास्थ्य बीमामा दर्ता गर्नुपर्नेछ।

*तपाईँको बसाइको अवधि ३ महिनाभन्दा कम भएमा पनि दर्ता गर्नुपर्ने हुनसक्छ।

### ३. सदस्य तथा घरमुलि

राष्ट्रिय स्वास्थ्य बीमामा परिवारको प्रत्येक सदस्य  (बीमित व्यक्ति) बन्छ। यद्यपि, नामांकन रिपोर्ट गर्ने र बीमा कर तिर्ने जिम्मेवारी प्रत्येक घरमुलिको हुन्छ।

### ४. सदस्यता / सदस्यता फिर्ता

राष्ट्रिय स्वास्थ्य बीमामा सदस्यता लिँदा वा फिर्ता गर्दा, कृपया १४ दिन भित्र राष्ट्रिय स्वास्थ्य बीमा काउन्टरमा सूचित गर्नुहोस्।

सूचना गर्दा,    माइ नम्बर कार्ड, वा तपाईंको व्यक्तिगत नम्बर र पहिचान प्रमाणिकरण पुष्टि गर्न सक्ने कागजातहरूको अतिरिक्त, कृपया निम्न कागजातहरू ल्याउनुहोला।

| | लक्ष्य मिति | बुझाउनु पर्ने आबस्यक कागजातहरु |
|---|---|---|
| सदस्यता | जुन दिन कार्यालएको स्वास्थ्य बीमाबाट बन्चित हुनुहुन्छ (आफ्नो काम छोडेको दिन) | ・कार्यालएको स्वास्थ्य बीमा त्यागेको प्रमाणको कागजात |
| | अर्को नगरपालिकाबाट सरेको मिति | ・अर्को नगरपालिकाबाट प्राप्त बसाइ सराइको कागजात |
| | सरकारि सहायता पाउन छुटेको दिन | ・संरक्षण उन्मूलन निर्णय अधिसूचना |
| | बच्चा जन्मेको दिन | ・योग्यता जानकारीको सूचना (वा योग्यताको पुष्टि)<br>・आमा र बालकको स्वास्थ्य नोटबुक |
| सदस्यता फिर्ता | कार्यालएको स्वास्थ्य बीमा, इत्यादिमा दर्ता गरेको भोलिपल्ट | ・राष्ट्रिय र कार्यालएको स्वास्थ्य बीमा दुवैको लागि योग्यता जानकारी (वा योग्यताको पुष्टि) को अधिसूचना |
| | अर्को नगरपालिकामा सरेको भोलिपल्ट (एउटै दिन सरेको भएमा सोहि दिन) | ・ ・योग्यता जानकारीको सूचना (वा योग्यताको पुष्टि) |
| | सरकारि सहायता पाउन शुरु गरेको दिन | ・ ・योग्यता जानकारीको सूचना (वा योग्यताको पुष्टि)<br>・संरक्षण सुरु गर्ने निर्णयको सूचना |
| | मृत्यु भएको दिनको भोलिपल्ट | ・ ・योग्यता जानकारीको सूचना (वा योग्यताको पुष्टि)<br>・मृत्युको प्रमाण |

*विदेशी नागरिकले सदस्यता लिदा अथवा फिर्ता गर्दा जाइर्यु कार्ड अनिवार्य बुझाउनु पर्नेछ।

*यदि  सदस्यता लिन ढिलो गर्नुभयो भने, तपाइँ त्यस समयमा सबै चिकित्सा खर्चहरूको लागि जिम्मेवार हुनुहुनेछ, र तपाइँले सदस्यता योग्य हुनुभएको समय सम्म बीमा कर पनि तिर्नु पर्नेछ।

*यदि तपाईंले सदस्यता फिर्ताको सूचना दिन ढिलो गर्नुभयो र राष्ट्रिय स्वास्थ्य बीमाको लागि योग्य हुँदा चिकित्सा संस्थामा चिकित्सा उपचार प्राप्त गर्नुभयो भने, तपाईंले पछि राष्ट्रिय स्वास्थ्य बीमा द्वारा भुक्तानी गरेको चिकित्सा खर्च फिर्ता गर्नुपर्नेछ।

### ५. यदि जापानी भाषा बुझ्नु हुंदैन भने

विदेशी भाषा सिटी हल वा स्थानीय कार्यालयहरूको काउन्टरहरूमा उपलब्ध नहुन सक्छ।
परामर्श वा प्रक्रियाको लागि आउँदा, कृपया सम्भव भएमा जापानी भाषा बोल्न सक्ने व्यक्तिलाई साथमा ल्यानुहोला।

【ネパール語（Nepali）】All Rights Reserved Copyright 栃木県国民健康保険団体連合会